आज मिति २०८२/०२/२६ गतेका दिन तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमको निर्णयहरु गरियो ।

<u>तपसिल :</u>

- श्री जोकलाल बुढा, अध्यक्ष, तमानखोला गाउँपालिका -अध्यक्ष
- श्री हिरा कुमारी छन्त्याल, उपाध्यक्ष, तमानखोला गाउँपालिका -सदस्य
- श्री थम वहादुर रोका, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. १ -सदस्य
- श्री नारायण सुनार, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. २ -सदस्य
- श्री झक वहादुर बुढा, वडा अध्यक्ष, तमानखोला गाउँपाालिका वडा नं. ३ -सदस्य
- श्री छ प्रसाद श्रीपाली, वडा अध्यक्ष, तमानखोला गाउँपालिक वडा नं. ४ -सदस्य
- श्री हिरा बहादुर वि.क. , वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. ५ -सदस्य
- श्री चित्र वहादुर छन्त्याल, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं.६ -सदस्य
- श्री देवसरा वि.क., कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका -सदस्य
- श्री मन कुमारी बुढाथोकी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका -सदस्य
- श्री भिम कुमारी छन्त्याल, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका -सदस्य
- श्री मिना कुमारी कामी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका -सदस्य
- श्री हिक्मत जक्तपुरी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका -सदस्य
- श्री ढालेन्द्र छन्त्याल, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका -सदस्य
- श्री अमित परियार, प्रमुख प्रशासकीय अधिकृत -सचिव

आज मिति २०८२/०२/२६ गतेका दिन कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १ :
अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ :
वडा स्तरिय तथा गाउँपालिका स्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ३ :
स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ४ :
उच्च शिक्षामा छात्रवृत्ती सहयोग कार्यक्रम कार्यान्वय कार्यविधि, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ५ :
कृषि तथा पशुपन्छी फर्म तथा समूह गठन, दर्ता तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्बन्धमा।

प्रस्ताव नं. ६ :
आ.व. २०८२/०८३ को बजेटको स्रोत अनुमान सम्बन्धमा ।

प्रस्ताव नं. ७ :
आ.व. २०८२/०८३ को बजेटको विषयक्षेत्रगत सीमा निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं. ८ :
आ.व. २०८२/०८३ को बजेट तर्जुमा मार्गदर्शन सम्बन्धमा ।

प्रस्ताव नं. ९ :
विविध सम्बन्धमा ।

CamScanner

मिति २०८२/०२/२६ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २:

तमानखोला गाउँपालिकाको आ.व. २०८१/८२ को स्वीकृत योजनाहरु मध्ये तमानखोला गाउँपालकाको गाउँपालिका स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका र वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका तालिका नं. १ बमोजिमका योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदनहरु यस बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदनहरु स्वीकृत गरी अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने तथा अन्तिम भुक्तानी भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं. ३:

बैठकमा प्रस्तुत तथा छलफल भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

निर्णय नं. ४

बैठकमा प्रस्तुत तथा छलफल भएको उच्च शिक्षामा छात्रवृत्ती सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

निर्णय नं. ५:

बैठकमा प्रस्तुत तथा छलफल भएको कृषि तथा पशुपन्छी फर्म तथा समूह गठन, दर्ता तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

निर्णय नं. ६:

गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरी बैठकमा प्रस्तुत गरेको आगामी आ.व. २०८२/०८३ को बजेटको कुल स्रोत अनुमान तालिका नं. २ अनुसार स्वीकृत गर्ने ।

निर्णय नं. ७:

गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरी बैठकमा प्रस्तुत गरेको आगामी आ.व. २०८२/०८३ को बजेटको विषयक्षेत्रगत सीमा तालिका नं. ३ अनुसार स्वीकृत

CamScanner

गर्ने ।

निर्णय नं. ८:

गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरी बैठकमा प्रस्तुत गरेको आगामी आ.व. २०८२/०८३ को बजेट तर्जुमा गर्दा उपलब्ध बजेट सीमा भित्र रही तमानखोला गाउँपालिकाको आवधिक योजनाएकीकृत विकास योजना/, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना गाउँपालिकाले लिएको ,दिर्घकालिन सोच र गाउँपालिकाका विद्यमान अन्य नीतिका आधारमा देहायमा उल्लिखित विषयहरुलाई समेत मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण तथा बजेट अनुमान गरी मिति २०८२ साल जेठ मसान्त भित्र पेश गर्ने गरी बजेट तर्जुमा मागर्दर्शन स्वीकृत गर्ने ।

१। संविधान र प्रचलित कानून बमोजिम स्थानीय तहको कार्य जिम्मेवारी भित्र रहेका विषय, आयोजना तथा कार्यक्रम मात्र समावेश गर्ने ।

२। वडा समितिले टोल तथा वस्तीस्तरबाट छनौट भएका आयोजना तथा कार्यक्रम समावेश गर्ने ।

३। आयोजना तथा कार्यक्रम प्राथमिकताका आधार, विधि र प्रक्रियाका सम्बन्धमा स्थानीय तहको योजना तर्जुमा मार्गदर्शन २०७८ बमोजिम गर्ने ।

४। विषयगत शाखा तथा इकाई र वडास्तरमा छनौट हुने निर्माण आयोजनाको हकमा न्यूनतम तीन लाखभन्दा तलको लागत अनुमान नहुने गरी वजेट तथा कार्यक्रम तर्जुमाको सुनिश्चितता गर्ने ।

५। साइट निश्चित भईसकेको, जग्गा सम्बन्धि विवाद वा समस्या नरहेको र आर्थिक, वातावरणीय तथा सामाजिक रुपमा सम्भाव्य हुने आयोजनामा मात्र बजेट समावेश हुने गरी आयोजना समावेश गर्ने ।

६। वडास्तरको वजेट सीमामा विषयक्षेत्रगत सीमा अनिवार्य नगर्ने तर वजेट कार्यक्रम तर्जुमा गर्दा विषयक्षेत्रगत रुपमा छुट्याएर गर्नुका साथै आर्थिक पूर्वाधार र उत्पादनमुखी आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिने ।

७। आवधिक तथा विषयक्षेत्र रणनीतिक गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता अनुसारका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिने ।

८। आयोजना बैङ्कमा समावेश भएको र समावेश नभएको भए प्राविधिक ड्रइङ, डिजाइन तथा लागत अनुमान तयार भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिने ।

९। अति विपन्न, सिमान्तकृत एवम् दलित, जनजाति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक जस्ता लक्षित वर्ग, समुदाय र परिवारलाई प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने । बातावरण संरक्षण तथा जलवायु परिवर्तन तथा विपद्

जोखिम न्यूनीकरण र व्यवस्थापन जस्ता विषयमा प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रमलाई समावेश गर्नुपर्ने ।

१०। स्थानीय स्रोत, साधन, सीप, दक्षता, क्षमता र कच्चा पदार्थमा आधारित गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न योगदान दिनसक्ने खालका उद्यमशील, उत्पादनशील रोजगारीमूलक कार्यक्रमलाई समावेश गर्नुपर्ने ।

११। सामाजिक न्याय, सुशासन, जवाफदेहीता र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्ने कार्यक्रम समावेश गर्नुपर्ने ।

१२। कृषि, खाद्यान्न तथा पशुपक्षी उपजको उत्पादन, व्यावसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुर्‍याउने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने ।

१३। स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रम समावेश गर्ने ।

१४। योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र आविष्कारसँग सम्बन्धित आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने ।

१५। भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम, बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने ।

१६। गाउँपालिकाको वस्तुस्थिति विवरण (प्रोफाइल) ले लक्षित गरे अनुसारका क्षेत्र तथा सवाललाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रमलाई समावेश गर्नुपर्ने ।

१७। गाउँपालिकाको समग्र तथा सन्तुलित विकासमा योगदान पुग्ने आयोजना तथा कार्यक्रम तर्जुमामा ध्यान दिनुपर्ने ।

१८। चालु आ.व. मा कार्यान्वयनमा रहेका संघीय विशेष अनुदान (पोषणमैत्री नमूना पालिका) तर्फका अनिवार्य तथा निरन्तरता दिनुपर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने।

निर्णय नं. ९ः

क) तमानखोला गाउँपालिका वडा नं. ४ र म्याग्दी जिल्लाको मालिका गाउँपालिका वडा नं. ३ र ४ मा पर्ने शोले डाँडामा दुई जिल्ला तथा दुई गाउँपालिका बिच रहेको सीमा विवाद सम्बन्धमा छलफल गर्दा शोले देउराली देखि लाटा बस्ने देउरालीसम्मको पानी ढले क्षेत्रलाई सीमाना मानी सीमा संरक्षण गर्न सबैले भूमिका निर्वाह गर्ने तथा उक्त सीमा संरक्षणका लागि उपल्लो तहका सरकारलाई समेत अनुरोध गर्ने ।

CamScanner

ख) गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार युवा, खेलकुद तथा नवप्रवर्द्धन अन्तर्गत खेलमैदान व्यवस्थापनमा रहेको रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख मात्र) बजेटबाट वडा नं. २ स्थित बराहतालमा खेलमैदान निर्माण तथा व्यवस्थापन गर्ने ।

ग) गाउँकार्यपालिका अन्तर्गत रहेको युवा तथा खेलकुद समितिले गर्दै आएको काम तथा जिम्मेवारी सामाजिक विकास समितिले निर्वाह गर्ने ।

CamScanner